| क. स | हस्ताक्षर | पद | नाम | कार्यालय |
|---|---|---|---|---|
| १५ | [signature] | सदस्य नगर कार्यपालिका | श्री शास्त्री देवी मंडल (खत्वे) | सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरी |
| १६ | [signature] | सदस्य नगर कार्यपालिका | श्री राधा कुमारी मोची | सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरी |
| १७ | [signature] | सदस्य नगर कार्यपालिका | श्री निर्मला कुमारी चौधरी | सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरी |
| १८ | [signature] | सदस्य नगर कार्यपालिका | श्री सुनिता कुमारी दास | सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरी |
| १९ | [signature] | सदस्य नगर कार्यपालिका | श्री हिरा कुमारी चौधरी | सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरी |
| २० | [signature] | सदस्य नगर कार्यपालिका | श्री राम भगत मोची | सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरी |
| २१ | [signature] | सदस्य नगर कार्यपालिका | श्री फुलो कुमारी राम | सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरी |
| २२ | [signature] | सचिव | श्री विकास सुन्दास | सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरी |
| २३ | [signature] | अधिकृत | धनश्याम पोखरेल | ,, |
| २४ | | स्टो | गंगाकुमारी यादव | ,, |
| २५ | [signature] | अधिकृत | हरि नन्दलाल राम | ,, |
| २६ | | | | |
| २७ | | | | |
| २८ | | | | |
| २९ | | | | |

आजको बैठकबाट कुनै पनि औपचारिक निर्णय गर्न नसकी बैठक स्थगित गरिएको व्यहोरा सबैमा अनुरोध छ। साथै आगामी बैठक चैत्र १५ गते (२०८२) मा हुनेछ।

[signature] [signature] [signature] [signature]

[signature]

सुरुङ्गा नगरपालिका, सप्तरी　　　　कार्यपालिका बैठक　　　　२०८२।१२।१५

प्रस्तावहरु:

१. खोला संरक्षणका लागि आवश्यक थप बजेट व्यवस्थापन सम्बन्धमा ।
२. वार्ता समिति गठन सम्बन्धमा ।
३. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयहरु:

प्रस्ताव नं. १ माथि छलफल गर्दा चहका नदीको बहाव परिवर्तन भई खेतीयोग्य जमिनमा कटान हुन थालेको अवस्थालाई मध्यनजर गर्दै नदी नियन्त्रण तथा सिँचाइ व्यवस्थापनका लागि कूलो निर्माण गर्नुपर्ने आवश्यकता समेत रहेको छ । उक्त कार्यका लागि आवश्यक बजेट व्यवस्थापनको लागि स्थानीयवासी सरोकारवाला तथा वडा नं. ३ कार्यालयबाट सिफारिस प्राप्त भई आएको हुँदा, प्रकोप व्यवस्थापन शीर्षक अन्तर्गत विनियोजित बजेटबाट रु. ७,००,०००।– (अक्षरेपी रु. सात लाख मात्र) बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २ माथि छलफल गर्दा सुरुङ्गा नगर कार्यपालिकाको प्रशासकीय भवन सार्ने सम्बन्धमा विवाद देखिए हुदा सो समाधानको लागी तपसिल बमोजिमको वार्ता समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री गीता चौधरी | संयोजक |
| नगर उपप्रमुख | श्री रुद्र बहादुर कार्की | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | श्री विकास सुन्दास | सदस्य |
| ४ नं. वडा अध्यक्ष | श्री देवेन्द्र प्रसाद चौधरी | आयोजक |
| ३ नं. वडा अध्यक्ष | श्री किरण पोरखेल | सदस्य |
| ९ नं. वडा अध्यक्ष | श्री सन्त कुमार यादव | सदस्य |
| नगर प्रवक्ता | श्री शिव दर्शन पासवान | सदस्य |

प्रस्ताव नं. ३ (क) माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. ३ बस्ने तथा यस सुरुङ्गा नगरपालिकामा सरसफाई पदमा कार्यरत कर्मचारी श्री बुधेश्वर डुमको मिति २०८२।११।०९ गते एकासी ब्रेन ह्याम्पर भई न्यूरो अस्पताल विराटनगरमा मृत्यु भएकोले निजलाई रु.५००००।- (अक्षरेपी पचास हजार मात्र)आर्थिक सहयोग गरिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ (ख) माथि छलफल गर्दा केशव स्मारक जनता माध्यमिक विद्यालय सुरुङ्गा न.पा.-९, टिकुलियामा ग्रिल निर्माण कार्यको लागि रु.५००००।- (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग गरिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ (ग) माथि छलफल गर्दा केशव श्री डिहवार बाबा युवा क्लब सुरुङ्गा न.पा.-७ बसानपट्टीलाई खेलकुद कार्यको लागि रु.५००००।- (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग गरिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ (घ) माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. ७ बस्ने नगर कार्यपालिका सदस्य श्री रामभगत मोचीलाई उपचार खर्चको लागि रु.५००००।- (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग गरिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ (ङ) माथि छलफल गर्दा सुरुङ्गा न.पा.-४ बस्ने श्री सबुरलाल रामलाई उपचार खर्च कार्यको लागि रु.२५,०००।- (अक्षरेपी पच्चिस हजार मात्र) आर्थिक सहयोग गरिने निर्णय गरियो ।